पोखरा विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
लेखनाथ -१२, ढुङ्गेपाटन, कास्की

## उत्तरपुस्तिका छपाई गरी सप्लाई गर्ने बारेको बोलपत्र आव्हान

(प्रथम पटक प्रकाशित मितिः- २०७२।०६।२२)

**बोलपत्र नम्बरः १/०७२/०७३**

यस कार्यालयद्धारा आर्थिक बर्ष २०७२/०७३ मा संचालन गरिने सेमेष्टर अन्त्य परीक्षाका लागि तपसिल बमोजिमका उत्तरपुस्तिकाहरु छपाई कार्य गर्नुपर्ने भएकोले सम्बन्धित कार्यको इजाजत प्राप्त रजिष्टर्ड फर्म, संस्था वा कम्पनीहरुबाट देहायका शर्तहरुमा रही रीतपूर्वकको बोलपत्रआव्हान गरिन्छ ।

**तपसिलः**

| **क्र.सं.** | **विवरण** | **छपाई गर्नुपर्ने परिमाण** |
|---|---|---|
| १. | १० पाने (२० पेज) मूल उत्तरपुस्तिका | ४००००० (चार लाख) थान |
| २. | ४ पाने (८ पेज) थप उत्तरपुस्तिका | ५००००० (पाँच लाख) थान |

१. बोलपत्र फाराम मिति २०७२ साल कार्तिक २९ गते  कार्यालय समय भित्र यस कार्यालयको नाममा नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, पोखरा शाखामा रहेको खाता नम्बर ०११०५०२००११९३८ मा रु.१,०००।- (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल बैंङ्क भौचर यस कार्यालयमा पेश गरी खरीद गर्नुपर्नेछ ।

२. बोलपत्र फाराम भरी खाममा शिलबन्दी गरी खाम बाहिर यस कार्यालयको नाममा सम्बोधन गरि कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना, फोन नम्बर आदि स्पष्ट रुपमा उल्लेख गरी यस पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, लेखनाथ-१२, कास्कीमा मिति २०७२ साल कार्तिक ३० गते दिनको १२ बजेभित्र दर्ता गराईसक्नुपर्नेछ । उक्त दिन बिदा परेमा भोलिपल्ट दिनको १२ वजे भित्र दर्ता गर्न सकिनेछ ।

३. रितपूर्वक म्यादभित्र प्राप्त बोलपत्रहरु मिति २०७२ कार्तिक ३० गते दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यसै कार्यालयमा खोलिनेछ । उक्त दिन विदा परेमा भोलिपल्ट सोही समयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्रसाथ धरौटी वापत रु ९५०००।-(अक्षेरुपी पञ्चान्नब्बे हजार रुपैया मात्र) यस कार्यालयको नाममा, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, पोखरा शाखामा रहेको व.हि.नं. ०११०५०२००११९३८ खातामा जम्मा गरी सोको सक्कल भौचर बोलपत्रसाथ अनिवार्य संलग्न गर्नुपर्नेछ ।

५. बोलपत्रसाथ आर्थिक बर्ष २०७१/०७२ सम्म नविकरण गरेको सम्बन्धित कामको लागि ईजाजत प्राप्त फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र आन्तरिक राजश्व कार्यालयबाट आर्थिक बर्ष २०७०/०७१ को कर चुक्ता गरेको प्रमाणपत्र अनिवार्य संलग्न गर्नुपर्नेछ ।

६. बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजायँ नपाएको भनी लिखित रूपमा स्वयं घोषणा गरेको निवेदन संलग्न गर्नुपर्नेछ ।

७. म्यादभित्र प्राप्त नभएको वा रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही हुने छैन । बोलपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्रदाताले कबोल गरेको दररेट अङ्क र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. बोलपत्रदाताले विश्वविद्यालयले वोलपत्र कागजातका साथ उपलब्ध गराए बमोजिम ९"×११" साइजको ७० ग्रामको म्यापलिथो उडफ्री  नफुल्ने पेपरमा दिइएको नमूना एवं स्पेसिफिकेशन बमोजिमको उत्तरपुस्तिका दुई रङ्गमा छपाई र नम्बरिङ्ग गर्नुपर्नेछ ।

१०. यस सम्बन्धि अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४  बमोजिम हुनेछ ।

११. यस सम्बन्धमा थप अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**बोलपत्र फाराम पाईने स्थानः**

पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, लेखनाथ, कास्की  फोन नं :- ०६१-५६१५४६ ,पोखरा विश्वविद्यालय, काठमाडौं सम्पर्क कार्यालय, रातोपुल,गौशाला काठमाडौं ०१-४४८६९०२